सूचनाको हक सम्बन्धी ऐन, २०६४ दफा ५ को उपदफा ३ बमोजिमको विवरण

# मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि.

MEROMICROFINANCE LAGHUBITTA BITTIYA SANSTHA LTD.

नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था (राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको)

## (विवरण सार्वजनिक गरेको अवधि आ. व. २०८२/८३ को प्रथम त्रयमाससम्म)

१. **निकायको स्वरूप र प्रकृतिः** कम्पनी ऐन, २०६३ बमोजिम स्थापना भई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम सञ्चालित लघुवित्त वित्तीय संस्था ।

२. **निकायको काम, कर्तव्य र अधिकारः** बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ मा व्यवस्था भएबमोजिमका काम कर्तव्य र अधिकार रहेको छ ।

३. **निकायमा रहने कर्मचारी संख्या र विवरणः** कार्यरत कर्मचारी संख्या ६५३ रहेको छ । संस्थाले तोकेका कार्यहरुको सम्पादन विभिन्न पदमा कार्यरत कर्मचारीहरू मार्फत भईरहेको छ । व्यवस्थापन समूहका सदस्यहरूको नाम संस्थाको वेवसाईटः www.meromicrofinance.com मा हेर्न सकिने छ ।

४. **निकायबाट प्रदान गरिने सेवाः** बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्थाले दिनसक्ने सम्पूर्ण वित्तीय सेवाहरू ।

५. **सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीः** सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीहरूको विवरण संस्थाको वेवसाईटको Contact अन्तर्गत Branches खण्डमा प्रकाशित गरिएको छ ।

६. **सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः** वित्तीय संस्थाले प्रदान गर्ने विभिन्न सेवाको शुल्क तथा अवधि यस संस्थाको वेवसाईटको Product and Services अर्न्तगत Product Chart खण्डमा प्रकाशित गरिएको छ ।

७. **निर्णय गर्ने प्रक्रिया र अधिकारीः** वित्तीय कारोबारका सम्बन्धमा विभिन्न तहका अधिकारीहरूले तहगत निर्णय गर्न सक्ने प्रक्रिया मिलाईएको छ । प्रमुख कार्यकारी अधिकृत तथा वित्तीय संस्थाको सञ्चालक समिति अन्तिम निर्णयकर्ताको रूपमा रहेका छन् ।

८. **निर्णयउपर उजुरी सुन्ने अधिकारीः** सदस्यहरूको गुनासो तथा उजुरी गर्नका लागि हाल केन्द्रीय स्तरमा प्रमुख कार्यकारी अधिकृतलाई गुनासो सुन्ने अधिकारीको रूपमा रहने व्यवस्था गरिएको छ । निजको ठेगाना यस प्रकार रहेको छ ।

**श्री रामहरि दाहाल**
**प्रमुख कार्यकारी अधिकृत**
**मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि., केन्द्रीय कार्यालय, बिदुर ४, बट्टार, नुवाकोट ।**
**फोन नं. ०१०-५६१७४६/४७**
ईमेलः corporate@meromicrofinance.com

९. **सम्पादन गरेको कामको विवरणः** बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम 'घ' वर्गका संस्थाले गर्न सक्ने सम्पूर्ण वित्तीय कारोबारहरू सम्पादन भईरहेका छन् ।

१०. **सूचना अधिकारीको नाम र पदः** सदस्यहरूलाई आवश्यक सूचना प्रदान गर्न तपसिल बमोजिमको अधिकारीलाई तोकिएको छ ।

**श्री नबराज दाहाल**
**नायव प्रमुख कार्यकारी अधिकृत**
**मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि., केन्द्रीय कार्यालय, बिदुर ४, बट्टार, नुवाकोट ।**
**फोन नं. ०१०-५६१७४६/४७**
ईमेलः corporate@meromicrofinance.com

११. **ऐन, नियम, विनियम वा निर्देशिकाको सूचीः** प्रचलित सम्पूर्ण ऐन, नियम, विनियम र निर्देशिकाहरू संस्थाले पालना गर्नुपर्ने हुन्छ भने देहायबमोजिमका ऐन, नियम, विनियम र निर्देशिकाहरू वित्तीय कार्यका लागि प्रमुख रूपमा रहेका छन् ।

१. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३
२. नेपाल राष्ट्र बैंक ऐन, २०५८
३. कम्पनी ऐन, २०६३
४. बैंकिङ कसुर तथा सजायँ ऐन, २०६४
५. सम्पत्ति शुद्धिकरण (मनि लाउन्डरिङ) निवारण ऐन, २०६४
६. धितोपत्र सम्बन्धी ऐन, २०६३
७. सुरक्षित कारोबार ऐन, २०६३
८. करार ऐन, २०५६
९. बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८
१०. सूचनाको हक सम्बन्धी ऐन, २०६४
११. विद्युतीय इलेक्ट्रोनिक कारोबार ऐन, २०६३
१२. उपरोक्त ऐनहरू बमोजिमका सम्पूर्ण नियम तथा विनियमहरू
१३. नेपाल राष्ट्र बैंकको सम्पूर्ण निर्देशिका र परिपत्रहरू
१४. संस्थाले कारोबार सञ्चालनका लागि बनाएको सम्पूर्ण नियम, विनियम तथा निर्देशिकाहरू

१२. **आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरणः** संस्थाको आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी त्रैमासिक अद्यावधिक विवरणहरू राष्ट्रिय स्तरको पत्र-पत्रिकामा प्रकाशित हुँदै आएको छ भने संस्थाको वेवसाईटः www.meromicrofinance.com मा समेत रहेको छ ।

१३. **वित्तीय संस्थाको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगानाः** वित्तीय संस्थाको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगाना यस प्रकार रहेको छ ।

**श्री रामहरि दाहाल**
**प्रमुख कार्यकारी अधिकृत**
**मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि., केन्द्रीय कार्यालय, बिदुर ४, बट्टार, नुवाकोट ।**
**फोन नं. ०१०-५६१७४६/४७**
ईमेलः corporate@meromicrofinance.com

१४. **अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सो को विवरणः** यस संस्थाले वित्तीय कारोबार सम्बन्धी कार्य गर्दै आईरहेको छ तर विशेष प्रकारको कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको छैन ।

१५. **सार्वजनिक निकायको वेबसाईट भए सो को विवरणः** यस वित्तीय संस्थाको वेवसाईटः www.meromcrofinance.com रहेको छ ।

१६. **सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरणः** हालसम्म संस्थाले कुनै वैदेशिक सहायता, ऋण, अनुदान, एवं प्राविधिक सहयोग र सम्झौता गरेको छैन ।

१७. **सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदनः** संस्थाले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशित हुँदै आएको छ भने संस्थाको वेवसाईटः www.meromcrofinance.com मा समेत रहेको छ ।

१८. **सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधिः** हाललाई सूचना वर्गीकरण नगरिएको ।

१९. **सार्वजनिक निकायमा परेका सूचनामा माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरणः** हालसम्म संस्थामा कुनै निवेदन प्राप्त नभएको ।

२०. **सार्वजनिक निकायमा सूचनाहरू अन्यत्र प्रकाशन भएमा वा हुने भएको भए सोको विवरणः** वार्षिक विवरणहरू पुस्तकको रूपमा प्रकाशित भई संस्थाको वेवसाईटमा समेत प्रकाशन गरिएको छ । साथै संस्थाको आर्थिक विवरण त्रैमासिक रूपमा विभिन्न राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन गरी संस्थाको वेबसाईटः www.meromicrofinance.com मा समेत अद्यावधिक गर्दै आएको छ ।

**मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि.**
**केन्द्रीय कार्यालय, बिदुर ४, बट्टार, नुवाकोट ।**
**फोन नं. ०१०-५६१७४६/४७**